आज मिति २०८३ साल भाद्र २६ गते दिनको १० : ०० बजे सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८३/०८४ को दोश्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री मधुसुदन गैरे | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | यादव के.सी. | शिक्षा अधिकृत | |
| २ | रनवीर वुढा | सहायक प्रशासकीय अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | सहयोगी | |

नि. प्रमुख प्रशासकीय अधिकृत

मणिराम वुढाथोकी
अध्यक्ष

## दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. विपद् सम्बन्धमा ।
३. पोषण सुधार चल्ला वितरणका लागि वडा छनौट सम्बन्धमा ।
४. विविध छलफल सम्बन्धमा ।

## २०८३ भाद्र २६ गते बसेको दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्लो आ.व. भएको भौतिक तथा वित्तिय प्रगतिको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्लो आर्थिक वर्षमा भएका भौतिक तथा वित्तिय प्रगतिको समिक्षा गरियो । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | विपद् सम्बन्धमा । | मिति २०८३ भाद्र १० गते नेपालको भोटेकोशी, नुवाकोट, धादिङ लगायतका विभिन्न क्षेत्रमा आएको बाढी तथा पहिरोका कारण आफ्नो अमूल्य जीवन गुमाउनु भएका सम्पूर्ण व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट तथा उद्धार, राहत तथा सहयोगमा खटिनुभएका सुरक्षाकर्मी, स्वयंसेवक, स्थानीयवासी तथा सम्पूर्ण सहयोगीहरुमा हार्दिक सम्मान व्यक्त गर्दै सो घटना तथा यस गाउँपालिकामा भएको विपद्जन्य घटनाको राहत, उद्धार तथा पुन:निर्माणका लागि आर्थिक सहयोग गर्न आवश्यक देखिएको । | मिति २०८३ भाद्र १० गते नेपालको भोटेकोशी, नुवाकोट, धादिङ लगायतका विभिन्न क्षेत्रमा आएको बाढी तथा पहिरोका कारण आफ्नो अमूल्य जीवन गुमाउनु भएका सम्पूर्ण व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै । उद्धार, राहत तथा सहयोगमा खटिनुभएका सुरक्षाकर्मी, स्वयंसेवक, स्थानीयवासी तथा सम्पूर्ण सहयोगीहरुमा हार्दिक सम्मान व्यक्त गर्दै सो घटना तथा यस गाउँपालिकामा भएको विपद्जन्य घटनाको राहत, उद्धार तथा पुन:निर्माणका लागि गाउँपालिका तथा अन्तर्गतका निकायहरुमा कार्यरत जनप्रतिनिधी, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी लगाएतको १ महिनाको सेवा सुविधा तथा तलब भत्ताबाट १५ प्रतिशत तलब रकम कट्टागरी सो को ७५ प्रतिशत सुनिलस्मृति गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने र २५ प्रतिशत रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नि. प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | पोषण सुधार चल्ला वितरणका लागि वडा छनौट सम्बन्धमा । | पोषण सुधारका लागि चल्ला वितरण गर्न वडा छनौट गर्न आवश्यक रहेको । | चालु आ.व.मा पशु सेवा शाखा अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम पोषण सुधार चल्ला वितरणका लागि वडा नं. ३ र ६ लाई छनौट गरी कार्यान्वयन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) वित्तिय साक्षरता कक्षा सञ्चालन सम्बन्धमा । | क) स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नेपाल सरकार-शसर्त अनुदान चालु तर्फ वित्तीय साक्षरता कार्यक्रम वडा नं. ३ र ६ मा सञ्चालन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नि. प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष